म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३४० आइतवार ७ साउन २०८० ने. सं. ११४३ अनलागा 23 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिमिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु,

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### मकवानपुर जिल्ला खेलकुदको वार्षिक कार्ययोजना

## प्रतियोगिता, प्रशिक्षण र खेलाडी प्रोत्साहन गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ मकवानपुर जिल्ला खेलकुद विकास समितिले चालु आर्थिक वर्ष २०८०/०८१ को लागि वार्षिक कार्ययोजना बनाएको छ । समितिले प्रत्येक संघले कम्तिमा एउटा जिल्लास्तरीय प्रतियोगिता आयोजना गर्ने, खेलाडीहरुको प्रशिक्षणको प्रभावकारी व्यवस्थापन गर्दै खेलाडीलाई प्रोत्साहन गर्ने कार्यक्रम अगाडि ल्याएको छ ।



समितिका अध्यक्ष भेष खड्गीको अध्यक्षता तथा बागमती प्रदेश खेलकुद परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारीको प्रमुख आतिथ्यतामा मकवानपुरको मार्खुमा भएको बैठकले जिल्ला प्रतियोगिताको मिति तय गर्ने, खेल संघहरुको सक्रियता बढाउने, रेफ्रि रिफ्रेस कोर्ष सञ्चालन गर्ने निर्णय गरेको छ ।

यस्तै, प्रतियोगिताको लागि प्रोत्साहन गर्न जिल्ला प्रतियोगितालाई २५ हजार रुपियाँसम्म, प्रदेशस्तरको प्रतियोगिताहरुलाई ४५ हजार रुपियाँसम्म र राष्ट्रिय प्रतियोगिताको लागि एक लाखरुपियाँसम्म समितिले सहयोग गर्ने निर्णय गरेको छ । बैठकले राष्ट्रपति रनिङ्ग सिल्डअन्तर्गत् स्थानीय तहको छनौट मंसिर महिनाभित्र सम्पन्न गर्ने पालिका खेलकुद विकास समितिसंग समन्वय गर्ने, जिल्ला प्रतियोगिता माघ १५ गतेभित्र सम्पन्न गर्ने र जिल्ला प्रतियोगिताबाट छनौट भएका खेलाडीहरुलाई प्रदेश प्रतियोगितामा जानुअघि १५ दिन बन्द प्रशिक्षणमा राख्ने निर्णय गरेको छ । प्रदेशले तोकेको मितिमा जिल्ला छनौट गरेर तेस्रो प्रदेश प्रतियोगितामा भाग लिन जाने खेलाडीहरुलाई पनि १५ दिन बन्द प्रशिक्षणमा राख्ने निर्णय बैठकले गरेको छ ।

बैठकले खेलाडीको नियमित प्रशिक्षणमा जिखेविस र सम्बन्धित संघहरुले जिम्मेवारीपूर्ण तरिकाले काम गर्ने, प्रशिक्षकहरुले नियमित प्रशिक्षण दिए/नदिएको बारे संघ र समितिबाट नियमित अनुगमन गर्ने, विद्यालयहरुसंग समन्वय गरेर प्रशिक्षणका लागि वातावरण बनाउने, स्वयम्सेवक प्रशिक्षकहरुलाई प्रशिक्षणका लागि सहजीकरण गर्ने, अन्तर पालिका फुटबल प्रतियोगिता फागुनमा गर्ने, हेटौंडा उपमहानगरसंग समन्वय गरेर विभिन्न प्रतियोगिता आयोजना गर्ने, क्लब तथा संस्थाहरुले गर्ने प्रतियोगिताहरुमा खेल सामग्री सहयोग गर्ने निर्णय गरेको छ ।

यसैगरी, समितिले अफिसियल राष्ट्रिय प्रतियोगितामा स्वर्ण, रजत र काश्य पदक प्राप्त खेलाडीहरुलाई ३०, २० र १० हजार रुपियाँ नगदसहित सम्मान गर्ने, टिम गेमका सम्बन्धमा सोहीअनुसार निर्णय गरी पुरस्कृत गर्ने, प्रदेश खेलकुद परिषद्द्वारा आयोजना हुने तथा राष्ट्रपति रनिङ शिल्ड राष्ट्रिय प्रतियोगितामा स्वर्ण, रजत र काश्य पदक बिजेता खेलाडीहरुलाई १०, सात र पाँच हजार रुपियाँ, राष्ट्रपति रनिङ शिल्ड प्रदेश प्रतियोगितामा स्वर्ण, रजत र काश्य पदक बिजेता खेलाडीहरुलाई क्रमश: पाँच, चार र तीन हजार रुपियाँका दरले नगदसहित पुरस्कृत गर्ने निर्णय गरेको छ ।

समितिले यी सबै कार्यक्रमहरुलाई आर्थिक स्रोत व्यवस्थापन गर्न प्रदेश खेलकुद विकास परिषद्, प्रदेश सरकार, जिल्ला समन्वय समितिमार्फत् हेटौंडा उपमहानगरसहित सबै स्थानीय तह, खेलकुद महोत्सव आयोजना गर्ने र विभिन्न उद्योगि प्रतिष्ठान, व्यावसायिक तथा सहयोगी दाताहरुसंग समन्वय गर्ने निर्णय गरेको समितिका कार्यालय प्रमुख माधव कोइरालाले जानकारी दिए ।




## हेटौंडा सिमेन्ट उद्योगको उत्पादन बन्द

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगमा सिमेन्ट उत्पादन बन्द भएको छ । उद्योगमा क्लिङ्कर उत्पादनका लागि आगो बाल्ने भट्टीको केही उपकरण बिग्रिएकाले बाध्यतावश उत्पादन बन्द गर्नुपरेको उद्योग व्यवस्थापनको महाशाखाले जनाएको छ ।

उद्योगमा अहिले पर्याप्त कोइलाको अभाव भएकाले पनि क्लिङ्कर उत्पादन गर्ने कार्यलाई तत्काल सञ्चालन गर्न कठिनाइ भएको उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डेले जानकारी दिए । उद्योगमा बाह्य देशबाट गुणस्तरीय कोइला करिब दुई हप्ताभित्र ल्याइने तयारी भइरहेको र प्रथम चरणमा एक हजार मेट्रिकटन केही दिनभित्रै उद्योगमा आइप'ग्ने महाप्रबन्धक पाण्डेले जानकारी दिए । कोइला आइपुगेपछि सिमेन्टको उत्पादन कार्य सुरु गरिने महाप्रबन्धक पाण्डेले बताए ।

पाण्डेका अनुसार अहिले सिमेन्ट उद्योगको भण्डारणमा करिब आठ सय मेट्रिकटन कोइला रहेको भएपनि पर्याप्त कोइला नहुँदासम्म क्लिङ्कर उत्पादन गर्न समस्या आइपरेको छ । महाप्रबन्धक पाण्डेले उद्योगमा अहिले दुई लाख ५० हजार बोरा सिमेन्ट मौज्दात रहेको र त्यसलाई काठमाडौंलगायत विभिन्न सहरमा खपतको लागि तयारी अवस्थामा राखिएको जानकारी दिए ।

उद्योगको क्लिङ्कर उत्पादन गर्ने आगो बाल्ने भट्टीको केही उपकरणको आगामी एक हप्ताभित्रै मर्मतसम्भार गर्ने लक्ष्य रहेको उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले जानकारी दिए । करिब चार दशक पुरानो हेटौंडा सिमेन्ट उद्योगबाट विसं २०४३ मङ्सिर २६ गतेदेखि व्यावसायिक उत्पादन सुरु गरिएको थियो ।

२०७५ देखि हालसम्म उद्योगले १ अर्ब ५२ करोड १४ लाख ५७ हजार रुपैयाँ दायित्व तिर्न बाँकी छ । यो दायित्वअन्तर्गत उद्योगमा काम गरेका कार्मचारीको उपदान, कच्चापदार्थ आपूर्ति गर्ने पार्टीलाई दिनुपर्ने भुक्तानी, मेसिनरी औजारको भुक्तानीलगायत छन् ।

## बकैयामा ११ भूमिहिनले पाए लालपुर्जा

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ मकवानपुरको पूर्वी क्षेत्रमा रहेको बकैया गाउँपालिकाका ११ भूमिहिन नागरिकलाई लालपुर्जा वितरण गरिएको छ । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले शनिबार भएको एक कार्यक्रमकाबीच बकैया गाउँपालिका वडा ५ का नागरिकलाई लालपुर्जा वितरण गरेका हुन् ।

लालपुर्जा वितरणसँगै अव्यवस्थित बसोबास तथा भूमिहिन सुकुम्बासी समस्या समाधानको प्रयत्न पालिकाले नीतिगत रुपमा सुरु गरेको हो । लागत अभिस्ट भएको बाहेकको प्रक्रियागत रुपमा लालपुर्जा वितरण गरिने गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले बताए । लागत समावेश भएका ६४ परिवारमध्ये ११ परिवारको मात्रै लालपुर्जा मुद्रण भएको अध्यक्ष लामिछानेले बताए ।

वितरण कार्यक्रममा प्रदेश सरकारका सामाजिक विकास मन्त्री कुमारी मोक्तान, प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, लक्ष्मी श्रेष्ठ, जिल्ला समन्वय समितिका प्रमुख ललितबहादुर घलान, भूमि आयोग मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहाल, बागमती गाउँपालिका अध्यक्ष सर्केस घलान, बकैया गाउँपालिका पूर्वअध्यक्ष दामोदर खनाल, नेपाली कांग्रेस जिल्ला सभापति बुद्ध लामा, गाउँपालिका ५ नम्बर अध्यक्ष लक्ष्मी जिम्बा लगायतको आतिथ्यता रहेको थियो ।






साझाकुरा

## हाम्रो कुरा

# दुर्गमका विद्यालयको पीडा

सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकालाई सहज रुपमा विद्यालय आउजाउ गर्न प्रदेश सरकारले बसको व्यवस्था गरेको छ । प्रदेश सरकारको यो कदमले बालबालिकालाई निकै राहत भएको छ । त्यस्तै एक विद्यालय एक नर्स कार्यक्रम पनि बालबालिकामा निकै प्रभावकारी बनेको छ । शुन्य दर्बन्दी भएका माविमा प्रदेश सरकाले शिक्षक अनुदान दिएको छ । यो अनुदानबाट पनि बिकटका विद्यालयमा थोरै भएपनि राहतको अनुभूति भएको छ । शिक्षामा सबैको पहुँच बढाउने उद्देश्यले सामाजिक विकास मन्त्रालयले विद्यालय बस सेवा अनुदान कार्याक्रम सुरु गरेपछि कालोपत्रे सडक क्षेत्रका बालबालिकालाई सहज भएको छ । विद्यालयको सेवाक्षेत्रमा कालोपत्रे सडक छ भने त बालबालिकाले बस सुबिधा पाउने भए तर, डाँडाकाँडा हिडेर स्कूल आउनु पर्ने बालबालिकाको लागि विद्यालय बस भनेको कौवालाई बेल सरह भएको छ ।

दुर्गम क्षेत्रका विद्यालयले बस पाए पनि संचालन गर्न सक्ने अवस्था छैन । बस चलाउने सडक पनि छैन र बस राख्ने क्षमता पनि छैन । यस्तो अवस्थामा विद्यालयमा नै छात्राबासको बिकल्प खोजी गर्नु जरुरी छ । आर्थिक वर्ष २०७६/७७ देखि सामाजिक विकास मन्त्रालयले सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको सुविधाको लागि भन्दै बस सेवा संचालन सुरु गरेको थियो । त्यसका लागि प्रतिविद्यालय २५ लाख रुपैयाँ मन्त्रालयले अनुदान दिदै आएको छ । तर, मन्त्रालयले विद्यालय बस खरिद गर्नका निम्ति रकम उपलब्ध गराएपनि कतिपय दुर्गम जिल्लाका विद्यालयले बस सञ्चालन गर्ने खर्च व्यहोर्न नसक्दा विद्यालय बस माग गर्न सकेका छैनन् । बस सञ्चालन गर्न ईन्धन, चालक, मर्मतसंहार, दुर्घटना बीमा, अन्य भैपरिआउने खर्च विद्यालयले नै गर्नुपर्ने भएपछि प्रदेशका दुर्गम जिल्लाका कतिपय विद्यालयले बस आवश्यक भए पनि राख्न सकेका छैनन् । ति विद्यालयका बालबालिकाको लागि पहेलो रङको बस चढेर विद्यालय जाने सपना अधुरै रहने अवस्था छ । विद्यालय बस सञ्चालनका लागि विद्यालयले खर्च ब्यहोर्नु पर्ने हुन्छ । विद्यालयले सञ्चालन खर्च गर्न नसकेको अवस्थामा सम्बन्धित स्थानीय तहले ब्यहोर्ने गरी प्रतिबद्धतापत्र चाहिने हुन्छ । बागमती प्रदेशका सुगमका विद्यालयबाट बस माग धेरै भएको छ ।

गत आर्थिक वर्ष २०७९/८० मात्रै सामाजिक विकास मन्त्रालयले २७ वटा बस वितरण गरेको छ । रसुवा जिल्लाको एउटा मात्रै विद्यालयमा बस पुगेको छ । रामेछापमा पनि एक विद्यालयमा मात्रै बस पुगेको छ । सामाजिक विकास मन्त्रालयले पाँचवर्षमा प्रदेशका ४१ वटा विद्यालयलाई बस उपलब्ध गराएको छ । सामुदायिक विद्यालयमा बस सेवाले शैक्षिक गुणस्तरलाई सहयोग पुऱ्याउने अपेक्षा सरकारले लिएको छ । बसको सुविधा भएमा विद्यार्थी एक/दुई घण्टा हिँड्दा थकित हुने र पढाइमा असर गर्ने अवस्थाको अन्त्य हुने र यसले सिकाइ उपलब्धी बढाउने अपेक्षा सरकारले गरेको हो । तर, विद्यालयमा स्रोत नहुँदा दुर्गम जिल्लाका विद्यालयमा भने बस पुग्न सकेको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन ८ गते सोमबार २४ जुलाई २०२३ । षष्ठी, अधिक श्रावण शुक्लपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:२३, सूर्यास्त ६:५६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | तुला | : मन प्रशन्न हुने देखिन्छ |
| वृष | : आफन्तको सहयोग मिल्नेछ | वृश्चिक | : नयाँ काम गर्न जागर आउनेछ |
| मिथुन | : यात्राको लागि राम्रो समय छ | धनु | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| कर्कट | : सोचेजस्तो सहयोग मिल्नेछैन | मकर | : पढाइमा सहयोग मिल्नेछ |
| सिंह | : समय पूजापाठमा बित्नेछ | कुम्भ | : रिसाउने बानीले हानि पुग्नेछ |
| कन्या | : व्यापारबाट फाइदा हुनेछ | मीन | : सामाजिक काममा रुचि बढ्नेछ |

# जसले स्वतन्त्र र सन्तुलित विदेशनीतिको जग बसाले



✍ गेजा शर्मा वाग्ले

आणविक शक्ति सम्पन्न, उदीयमान विश्व शक्तिराष्ट्र, विशाल, दोस्रो र पाँचौं अर्थतन्त्र जस्ता मेटाफोर प्रयोग गर्दै नेपालका सरकार, प्रधानमन्त्री, राजनीतिक दलका नेताहरुले भारत र चीनसँगको सम्बन्धप्रति अर्थपूर्ण लघुताभासयुक्त अभिव्यक्ति दिँदैआएका छन् । वास्तवमा सरकार, प्रधानमन्त्री-मन्त्री, राजनीतिक दल, नीति-निर्माता मात्रै होइनह बौद्धिक समुदाय, कूटनीतिज्ञ र नागरिक समाज समेत 'स्मल कन्ट्री सिन्ड्रोम' बाट ग्रसित भएको देखिन्छ ।

इतिहासको कुनै कालखण्डमा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू र चिनियाँ प्रधानमन्त्री चाउ एनलाई जस्ता शक्तिशाली र अन्तर्राष्ट्रिय स्तरमा समेत प्रभावशाली नेताहरुलाई नेपालका प्रधानमन्त्रीले राष्ट्रहित, सार्वभौमिकता र राष्ट्रिय सुरक्षाको पक्षमा ऐतिहासिक अडान लिँदै माफी माग्न र स्पष्टीकरण दिन बाध्य बनाएका थिए । ती प्रधानमन्त्री थिए, बीपी कोइराला ।

नेपालका सरकार र प्रधानमन्त्रीहरूले छिमेकी उदीयमान विश्व शक्तिराष्ट्र भारत र चीनका साथै महाशक्तिराष्ट्र अमेरिकालगायत मित्रराष्ट्रसँग राष्ट्रहित र राष्ट्रिय स्वार्थको संरक्षण गर्न नसकेको बहस चलिरहेको पृष्ठभूमिमा यो प्रसङ्ग नेपाली जनता विशेष गरी नयाँ पुस्ताका लागि किंवदन्ती जस्तो पनि लाग्छ ।

तर यो किंवदन्ती होइन, नेपालको गौरवमय इतिहास हो । त्यसैले पहिलो विश्वयुद्धको त्रासदीपूर्ण कालखण्ड १९७१ भदौ २४ मा जन्मिएर शीतयुद्ध उत्कर्षमा पुगेको घडीमा ४१ वर्ष पहिले २०३९ साउन ६ गते देहवसान भएका बीपी स्मृति दिवसको सन्दर्भमा राष्ट्रियताको सम्वर्द्धन र विदेशनीति निर्माणका दृष्टिले निर्वाह गरेको भूमिकाको बारेमा बहस, विवेचना र विमर्श गर्नु सान्दर्भिक हुनेछ ।

### बीपीको दृष्टिकोण र भूमिका

कांग्रेसका संस्थापक नेता बीपीको नेतृत्वमा गठन भएको प्रथम जननिर्वाचित सरकारको १८ महिनाको कार्यकाल (२०१६ जेठ १३ देखि २०१७ पुस १ सम्म) नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र विदेशनीति दुवै दृष्टिले स्वर्ण काल मानिन्छ । बीपीसँग राजनीतिक तथा सैद्धान्तिक रूपमा असहमत तथा विपक्षीहरूले पनि उनको कार्यकालमा अन्तर्राष्ट्रिय सम्बन्ध र विदेशनीतिका दृष्टिले उल्लेखनीय सफलता हासिल भएको वास्तविकतालाई स्वीकार गरेका छन् । विशेषगरी तीन कारणले अन्तर्राष्ट्रिय सम्बन्ध र विदेशनीतिका दृष्टिले बीपीको कार्यकाल सफल भएको मानिन्छ ।

पहिलो, १०४ वर्षे राणाशासन कालमा नेपालको स्वतन्त्र विदेशनीति थिएन । राणाहरुले बेलायत (इष्ट इन्डिया कम्पनी) सँग आत्मसमर्पण गरी नेपाली जनताको निर्ममतापूर्वक दमन गरेर आफ्नो सत्ता टिकाएका थिए । कांग्रेसको नेतृत्वमा भएको २००७ को जनक्रान्ति सफल भई प्रजातन्त्र स्थापना भइसकेपछि पनि बनेका सरकारले नेपालले स्वतन्त्र विदेशनीति अख्तियार गर्न सकेका थिएनन् ।

बीपीले राष्ट्रहित र राष्ट्रिय स्वार्थलाई सर्वोच्च प्राथमिकता दिएर नेपालको अन्तर्राष्ट्रिय सम्बन्धका मार्गनिर्देशक सिद्धान्तलाई स्पष्ट व्याख्या गरी स्वतन्त्र, सन्तुलित र स्वाधीन विदेशनीतिको जग बसालेका थिए । राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिक स्वतन्त्रता, राष्ट्रिय सुरक्षा, संयुक्त राष्ट्रसैंको बडापत्र, पञ्चशील, असंलग्नतालाई बीपीले नेपालको विदेशनीतिका मार्गनिर्देशक सिद्धान्तका रुपमा स्थापित गरेका थिए । यसैगरी बहुलवादी समाज, लोकतान्त्रिक प्रणाली, विधिको शासन, आर्थिक कूटनीति, मानव अधिकार, शान्तिपूर्ण सह-अस्तित्व तथा सबै प्रकृतिका युद्ध र द्वन्द्वको शान्तिपूर्ण समाधान गरी दिगो शान्ति बीपीको विदेशनीतिका प्रमुख प्राथमिकता थिए ।

छिमेकी भारत र चीनसँगको बहुआयामिक सम्बन्धलाई उच्च प्राथमिकतामा दिँदै प्रमुख विश्व शक्तिराष्ट्र अमेरिकालगायत बृहत अन्तर्राष्ट्रिय जगतसंग पारस्परिक हित, स्वार्थ र समानताका आधारमा कूटनीतिक सम्बन्धलाई थप प्रगाढ, घनिष्ट र विविधिकरण गर्नु बीपीका विशेष प्राथमिकता थिए । वास्तवमा बीपीले नै नेपालको राष्ट्रहितको पक्षमा अन्तर्राष्ट्रिय सम्बन्ध र विदेशनीतिको आधारशीला तय गरेका थिए ।

बीपीको सरकारले अवलम्बन गरेको विदेशनीति तथा अर्थनीतिको प्रतिफलस्वरुप नेपालमा वैदेशिक सहयोग भित्रिएर नेपालको अर्थतन्त्रले नयाँ गति हासिल गरेको थियो । त्यसैले बीपीको कार्यकालमा नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ भई आर्थिक विकासको संघार उदघाटित भएको थियो ।

दोस्रो, अन्तर्राष्ट्रिय सम्बन्धलाई विविधिकरण गरी नेपालको कूटनीतिक छवी उच्च बनाएका थिए । बीपीले १८ महिनाको छोटो कार्यकालमा पाकिस्तान, इजरायल, इटाली, फिलिपिन्स, म्यानमार, मलेसिया, अस्ट्रेलिया, थाईल्याण्ड, अस्ट्रिया, नेदरल्याण्ड, पोल्याण्ड, सर्विया, लाओस, स्विडेनलगायत १८ देशसँग कूटनीतिक सम्बन्ध स्थापित गरेका थिए । त्यति छोटो अवधिमा यति धेरै देशसँग कूटनीतिक सम्बन्ध हालसम्म कुनै पनि सरकारको कार्यकालमा भएको छैन र भविष्यमा पनि हुने संभावना छैन ।

शीतयुद्धको प्रारम्भ र तत्कालीन जटिल भूराजनीतिक सन्दर्भमा इजराएल र पाकिस्तानसँग कूटनीतिक सम्बन्ध स्थापना गर्नु राजनीतिक र कूटनीतिक दुवै दृष्टिले जोखिमपूर्ण थियो । स्वयं राजा महेन्द्रले पनि इजरायलसँग कूटनीतिक सम्बन्ध स्थापित नगर्न बीपीलाई पटकपटक दबाब दिएका थिए, जुन वास्तविकताको खुलासा बीपीले आत्मवृतान्तमा गरेका छन् । नेपालको राष्ट्रहितलाई प्राथमिकता दिँदै राजा महेन्द्रको असहमतिका बाबजुद पनि बीपीले इजरायलसँग कूटनीतिक सम्बन्ध स्थापित गरे । बीपीको उक्त निर्णय अन्तर्राष्ट्रिय सम्बन्ध, विदेशनीति र कूटनीतिक दृष्टिले कति दूरदर्शी रहेछ भन्ने अहिले पुष्टि भइसकेको छ । नेपालको राजनीतिक, आर्थिक तथा अन्तर्राष्ट्रिय सम्बन्धको गहन अध्ययन-अनुसन्धान गरेका अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालय प्राध्यापक लियो ई. रोजले उक्त वास्तविकतालाई स्वीकार गर्दै अन्तर्राष्ट्रिय सम्बन्ध र विदेशनीतिमा बीपीको विशिष्ट योगदानको सविस्तार व्याख्या आफ्नो पुस्तक 'नेपाल स्ट्राटेजी फर सर्भाइभल' मा गरेका छन् ।

तेस्रो, विश्वयुद्धको अन्त्य, शीतयुद्धको प्रारम्भ, द्विध्रुवीय अन्तर्राष्ट्रिय राजनीतिक परिवेश, छिमेकका लोकतान्त्रिक भारत र जनवादी गणतन्त्र चीनसँगको कूटनीतिक सम्बन्ध र विदेशनीतिलाई राष्ट्रहितअनुकूल ब्याख्या गरी नयाँ आयाम दिएका थिए । बीपीले सन् १९६० सेप्टेम्बर २९ (२०१७ असोज १४) मा संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गर्दै असंलग्न विदेशनीति, संयुक्त राष्ट्रसंघमा जनवादी गणतन्त्र चीनको प्रतिनिधित्व र तेस्रो विश्वका साना तथा अल्पविकसित देशको पक्षमा दूरगामी महत्वको स्पष्ट दृष्टिकोण राखेका थिए । बीपीको उक्त ऐतिहासिक मन्तव्य विदेशनीतिका दृष्टिले कति दूरदर्शी र यथार्थवादी रहेछ भन्ने अहिले घामजत्तिकै छर्लङ्ग भएको छ । स्मरण रहोस, त्यतिबेलासम्म संयुक्त राष्ट्रसंघमा जनवादी गणतन्त्र चीन (अहिलेको चीन) ले होइन, गणतन्त्र चीन (ताइवान) ले प्रतिनिधित्व गर्दै आएको थियो । सन् १९७१ देखि मात्रै संयुक्त राष्ट्रसंघमा जनवादी गणतन्त्र चीनले प्रतिनिधित्व गरेको हो ।

तेस्रो विश्वका साना तथा अल्पविकसित देशको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा तथा ती देशको विकासमा विकसित राष्ट्रहरूको भूमिकाको बारेमा बीपीले व्यक्त गरेको विचार केवल नेपालको लागि मात्रै होइन, सम्पूर्ण साना र अल्पविकसित देशका विदेशनीतिको दृष्टिले पनि उत्तिकै महत्वपूर्ण भएको समयको कालखण्डसँगै पुष्टि भएको छ ।

### बीपी-माओ ऐतिहासिक संवाद

अहिले भारतसँग जस्तै बीपीको सरकारको कार्यकालमा पनि चीनसँग सीमा विवाद थियो । नेपालले सगरमाथा र चीनमा चोमालोङ्मा भनी चिनिने विश्वको सर्वोच्च शिखरलाई दुवै देशले आ-आफ्नो भनेर दावी गर्दै आइरहेका थिए ।

तर नेपालको विशिष्ट पहिचान विश्वको सर्वोच्च शिखर सगरमाथाको सीमा विवाद समाधानका दृष्टिले प्रधानमन्त्री भएदेखि नै बीपीले लामो कूटनीतिक र प्राविधिक गृहकार्य गरेका थिए । ६३ वर्ष अघि सन् १९६० मा चीनको राजकीय भ्रमणको बेला प्रधानमन्त्री चाउ एनलाईसँग सगरमाथा सीमा विवाद सम्बन्धमा बीपीले पटक-पटक लामो संवाद गरेका थिए ।

प्रधानमन्त्री चाउ एनलाईसँगका संवाद सकारात्मक भए पनि ठोस निष्कर्षमा पुगेका थिएनन् । सीमा विवाद जस्तो जटिल मुद्दामा प्रधानमन्त्री चाउ एनलाईले एक्लै निर्णय गर्न नसक्ने मनोविज्ञान र राजनीतिक यथार्थता बुझेर राष्ट्रपति र प्रधानमन्त्री नभए पनि चीनका शक्तिशाली नेता चेयरम्यान माओसँग संवाद गर्ने रणनीतिक कूटनीति बीपीले अख्तियार गरेका थिए ।

बीपीको चाहना अनुसार नै सन् १९६० मार्च १८ (२०१६ चैत्र ५) को मध्य रातमा बीपी र माओबीच शिखर बैठक भएको थियो । बीपी-माओबीच भएको उक्त ऐतिहासिक बैठकको क्रममा सगरमाथा सीमा विवादलगायत नेपाल-चीन तथा नेपाल-भारत सम्बन्धका बहुआयामिक पक्षहरूका बारेमा विस्तृत संवाद भएको थियो । नेपालको नक्सासहित ऐतिहासिक दस्तावेज, अभिलेख र प्रमाण पेश गर्दै सगरमाथा नेपाली भूमि भएको बीपीले पुष्टि गरेपछि माओ पनि अन्ततः सहमत भएका थिए ।

सोही बैठकबाट नै सगरमाथा सीमा विवाद सदाका लागि समाधान भएको थियो र बीपीको चीन भ्रमणको क्रममा नै मार्च २१ गते सीमा सम्झौतामा हस्ताक्षर गरिएको थियो । वास्तवमा सगरमाथा सीमा विवाद समाधानका दृष्टिले माओ र चाउ एनलाईको लचकता तथा बीपीको उच्च कूटनीतिक कौशलताको प्रमुख भूमिका थियो । त्यसैले सगरमाथा सीमा विवाद समाधानका दृष्टिले बीपी-माओ संवाद र बीपीको चीन भ्रमण कोशेढुंगा मानिन्छ ।

बीपी-माओ संवादका क्रममा माओले चीनविरुद्ध संयुक्त सुरक्षा नीति बनाउने भारतको प्रस्तावलाई बीपीले अस्वीकार गरेकोप्रति खुसी मात्रै व्यक्त गरेनन्, भारतका प्रधानमन्त्री नेहरु र चीनका प्रधानमन्त्री चाउ एनलाईलाई काठमाडौं निम्त्याउने बीपीको प्रस्तावको मुक्त कन्ठले प्रशंसा गरेका थिए । बीपी र माओवीच औपचारिक कूटनीतिक शिष्टाचारमा सीमित नर ही एक-अर्काप्रति उच्च श्रद्धा र आत्मियतापूर्वक संवाद गरेका देखिन्छ, जबकी बीपी र माओको यो नै पहिलो र अन्तिम संवाद थियो ।

बीपी-माओबीचको उक्त दुर्लभ ऐतिहासिक संवादको विस्तृत दस्तावेज चिनियाँ विदेश मन्त्रालयद्वारा सन् १९९४ मा प्रकाशित 'माओ जेदुङ अन डिप्लोमेसी' नामक पुस्तकमा (पृष्ठ ३०२ देखि ३०७ सम्म) प्रकाशित गरिएको छ । सन् १९३७ देखि १९७४ सम्मको अवधिका माओका १६० वटा भाषण, विचारमूलक लेख, अन्तर्वार्ता, राष्ट्र तथा सरकार प्रमुखसँगका उच्चस्तरीय संवादका एकीकृत दस्तावेजमा बीपी-माओबीचको संवाद पनि समाविष्ट भएपछि चिनियाँ दृष्टिले पनि कति महत्वपूर्ण रहेछ भन्ने पुष्टि भएको छ । त्यसैले उक्त संवाद केवल सीमा विवाद समाधान गर्ने तत्कालीन दृष्टिले मात्रै होइन, नेपाल-चीन दूरगामी सम्बन्धका दृष्टिले पनि कति महत्वपूर्ण दस्तावेज रहेछ भन्ने पुष्टि भएको छ ।

प्रधानमन्त्री प्रचण्ड सम्भवत: आगामी महिना चीन भ्रमणमा जानेछन् । माओवादलाई मार्गनिर्देशक सिद्धान्त मान्ने माओवादी पार्टीका अध्यक्ष समेत रहेका प्रधानमन्त्री प्रचण्डले सगर माथा सीमा विवाद निरुपण गर्न बीपी र माओवीच भएको उक्त ऐतिहासिक संवाद र बीपीको उच्च कूटनीतिक कौशलताबाट शिक्षा ग्रहण गर्नु स्वयं उनकै कूटनीतिक स्वास्थ्यका लागि लाभदायक हुनेछ ।

### भारतका प्रधानमन्त्री नेहरूको स्पष्टीकरण

भारतको स्वतन्त्रता संग्राममा सक्रिय सहभागी भई करिब तीन वर्ष जेल जीवनसमेत व्यतित गरेका बीपीको महात्मा गान्धी, भारतका प्रथम राष्ट्रपति राजेन्द्रप्रसाद, प्रधानमन्त्री नेहरूलगायत नेताहरूसँग आत्मीय र घनिष्ठ सम्बन्ध थियो । तर नेपालको राष्ट्रिय स्वार्थ, सार्वभौमिकता, स्वाधीनता र राष्ट्रिय सुरक्षाको बारेमा प्रश्न उठेपछि आत्मीय र घनिष्ठ सम्बन्ध भएपनि नेहरूसँग बीपीले गम्भीर असहमति मात्रै होइन, आपत्ति समेत व्यक्त गरेका थिए ।

एशियाली देशहरूको राजनीतिक अवस्था तथा क्षेत्रीय सुरक्षा अवस्थाबारे सन् १९५९ नोभेम्बर २७ (२०१६ मंसिर १२) मा प्रधानमन्त्री नेहरूले भारतको संसद लोकसभालाई सम्बोधन गर्ने क्रममा विवादास्पद र आपत्तिजनक अभिव्यक्ति दिएका थिए । सम्बोधनको क्रममा नेहरूले भनेका थिए, 'नेपाल, भुटान र सिक्किममाथि कहीं कतैबाट कुनै किसिमको आक्रमण भए त्यसलाई भारतले आफूमाथिको आक्रमणको रूपमा लिनेछ ।'

तर नेहरूको उक्त विवादास्पद अभिव्यक्ति सार्वजनिक भएको ४८ घण्टा पनि नबित्दै मंसिर १४ गते प्रधानमन्त्री बीपीले एक विज्ञप्ति प्रकाशित गरी तीव्र प्रतिवाद गरेका थिए । बीपीको उक्त विज्ञप्तिमा स्पष्टरूपमा उल्लेख गरिएको थियो, 'नेपाल पूर्ण सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र राष्ट्र हो । नेपालको आन्तरिक वा वाह्य कुनै पनि मामिलामा नेपालले आफै निर्णय गर्छ र कुनै पनि देशको हस्तक्षेप स्वीकार्य छैन ।' बीपीले नेपालको सबै देशहरूसंग शान्तिपूर्ण सम्बन्ध कायम रहेको उल्लेख गर्दै नेपाललाई कुनै पनि देशबाट खतरा नरहेको भनी कडा र स्पष्ट कूटनीतिक सन्देश नेहरूलाई दिएका थिए ।

यसरी बीपीको स्पष्ट दृष्टिकोण सार्वजनिक भएपछि डिसेम्बर ३ मा नयाँदिल्लीमा गरिएको पत्रकार सम्मेलनमा नेहरूले लोकसभामा सम्बोधन गर्ने क्रममा गल्ती भएको स्वीकार गर्दै भनेका थिए, 'नेपालका प्रधानमन्त्रीले जे भन्नुभएको छ, ठीक भन्नुभएको छ । भारत वा अरू कुनै देशले नेपालमा एकतर्फी रूपमा निर्णय गर्न सक्दैनन् । नेपाल पनि भारत जस्तै स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न देश हो ।' उक्त ऐतिहासिक सन्दर्भका विस्तृत दस्तावेजहरू भारतको विदेश मन्त्रालयका अवकाश प्राप्त उच्च अधिकारी एवं नेपाल, भारत तथा चीन मामिलाका शोधार्थी अवतारसिंह भासिनले गहन अध्ययन-अनुसन्धान गरी प्रकाशित गरिएको पुस्तक 'नेपाल-भारत तथा नेपाल-चीन सम्बन्ध' मा संग्रहित छन् ।

बीपी प्रधानमन्त्री हुँदा नेपालको राष्ट्रियता, राष्ट्रिय स्वार्थ, सार्वभौमिकता, स्वाधीनता र राष्ट्रिय सुरक्षाको पक्षमा लिएको अडानका कारणले कतिपय सन्दर्भमा नेहरूसँगको सम्बन्धमा समेत आँच आएको प्रसंग बीपीले आत्मवृत्तान्त र जेल जर्नलमा उल्लेख गरेका छन् । बीपीका राष्ट्रवादी अडान र अन्तर्राष्ट्रिय व्यक्तित्वको कारणले राजा महेन्द्रले लोकतान्त्रिक प्रणाली कू गरी निरंकुश पञ्चायती व्यवस्था लादने निर्णयलाई नेहरूले प्रकारान्तरले मौन समर्थन गरेको रहस्योद्घाटन समेत बीपीले गरेका छन् । तर नेहरूसँगको सम्बन्धमा जतिसुकै आँच आए पनि बीपीले राष्ट्रिय स्वार्थ, सार्वभौमिकता, स्वाधीनता र राष्ट्रिय सुरक्षाप्रति कहिल्यै कुनै सम्झौता गरेनन् ।

### चीनका प्रधानमन्त्री चाउ एनलाईको माफी

सन् १९५९ मार्च २५ मा तिब्बतको राजधानी ल्हासामा सैन्य आक्रमण गरी चीनले कब्जामा लिएपछि चीनसँग सिमाना जोडिएको उत्तर पूर्वी अरुणान्चल प्रान्तको थवाङ उपत्यका हुँदै धार्मिक नेता दलाई लामा मार्च ३१ मा भारत प्रवेश गरी शरण लिएका थिए । चिनियाँ जनमुक्ति सेनाले तिब्बत कब्जा गरेपछि तथा दलाई लामाले भारतमा शरण लिएपछि तिब्बती सेना नेपालको सीमावर्ती जिल्लामा प्रवेश गरी चिनियाँ सेनाका विरुद्धमा सैन्य गतिविधि गर्दै आएका थिए ।

सामरिक दृष्टिले समेत महत्वपूर्ण मानिने मुस्ताङलाई आधारभूमि बनाएर खम्पा विद्रोहीका कमाण्डर गे वाङदीले मुस्ताङको कैसाङमा अस्थायी 'हेडक्वाटर' नै खडा गरेका थिए । अमेरिकी गुप्तचर निकाय सिआइएको समेत आर्थिक र हतियार सहयोग पाएका खम्पा विद्रोहीले नेपाली भूमिबाट चिनियाँ सेनाको विरुद्धमा सशस्त्र गतिविधि गर्दै आएपछि नेपालको सार्वभौमिक स्वतन्त्रता माथि मात्रै प्रश्न उठेको थिएन, यसले अर्थपूर्ण भूराजनीतिक रङ समेत ग्रहण गर्दै आइरहेको थियो । त्यसैले नेपाल सरकारले नेपाली जनताको सुरक्षा र नेपालको सार्वभौमिक स्वतन्त्रताको रक्षा गर्न नेपाली सेना नै परिचालन गरेको थियो ।

खम्पा विद्रोहीको चिनियाँ सेना, नेपाली सेना तथा नेपाली जनतासँग सशस्त्र द्वन्द्व र झडप हुँदै आएको थियो । चिनियाँ सेना र खम्पा विद्रोहीको सशस्त्र र अराजक गतिविधिको मारमा नेपाली सेना र नेपाली जनता पर्दैआएका थिए । खम्पा विद्रोहीले मात्रै नेपाली भूमिलाई उनीहरूको आधारभूमि बनाएका थिएनन्, चिनियाँ सेना समेत नेपाली भूमिमा प्रवेश गरी खम्पा विद्रोहीका विरुद्ध अपरेशन गर्ने तथा नेपाली सेना र नेपाली जनतालाई समेत आफ्नो आक्रमण र हातपात गर्दै आएका थिए ।

यस्तै क्रममा १९६० जुन २८ (२०१७ असार १५) मा चिनियाँ सेना नेपाली भूभागमा प्रवेश गरी मुस्ताङको कोरोला भन्ज्याङमा नेपाली सेना र सर्वसाधारण नेपाली जनतामाथि सशस्त्र आक्रमण गरे । उक्त आक्रमणबाट नेपाली सेनाका सुवेदार बमप्रसाद बाँस्कोटाको मृत्यु भएको थियो भने नेपाली सुरक्षाकर्मी र सर्वसाधारण नेपाली जनता गरी करीब दर्जनलाई चिनियाँ सेनाले अपहरण गरी तिब्बत लगेको थियो ।

उक्त घटनाको जानकारी पाउनासाथ बीपीले चीनका प्रधानमन्त्री चाउ एनलाईसमक्ष कडा विरोधपत्र पठाएका थिए । नेपालको सार्वभौमिकता र राष्ट्रिय सुरक्षालाई ठाडो चुनौती दिँदै नेपाली भूमिमा प्रवेश गरेर नेपालका सुरक्षाकर्मीको हत्या गरी सर्वसाधारण जनतालाई समेत बन्दी बनाएको गम्भीर घटनाप्रति चीनले माफी माग्नुपर्ने र मृतकका परिवारलाई उचित क्षतिपूर्ति दिनुपर्ने माग बीपीले गरेका थिए ।

चिनियाँ प्रधानमन्त्री चाउ एनलाईले बीपीलाई लेखेको प्रत्युत्तर पत्रमा भनिएको थियो, 'विद्रोही खम्पाहरू भनेर लखेट्दै जाँदा हाम्रो सेना नेपाली भूमिभित्र प्रवेश गरी उक्त घटना भएकोमा चीन सरकार दु:ख व्यक्त गर्दै नेपाल सरकारसँग माफी माग्दछ र मृतकका परिवारलाई ५० हजार क्षतिपूर्ति दिने निर्णय गरेको छ । यस्तो अप्रिय घटना पुन: हुन नदिन चीन सरकार अब उप्रान्त सजग रहनेछ ।' यसरी मुस्ताङ घटना सम्मानजनक रूपमा टुंगिएपछि सन् १९६० मार्च १० (२०१६ फागुन २७) गते दुई हप्ता लामो राजकीय भ्रमणमा गएका बीपीले बेइजिङमा उच्च सम्मान पाएका थिए ।

बीपी राष्ट्रवादी, स्वाभिमानी र दूरदर्शी राजनीतिज्ञ तथा कूटनीतिज्ञ थिए र नेपालको प्रधानमन्त्री तथा कांग्रेस सभापतिको रूपमा देशको हित, सार्वभौमिकता, स्वाधीनता, स्वाभिमान र राष्ट्रिय सुरक्षाको संवर्द्धनका लागि जीवनपर्यन्त संघर्ष गरेका थिए । जतिसुकै शक्तिशाली राष्ट्र वा जतिसुकै शक्तिशाली राष्ट्रपति वा प्रधानमन्त्री भएपनि राष्ट्रहितलाई सर्वोच्च प्राथमिकता दिएर ठोस दृष्टिकोणका साथ उच्चस्तरीय राजनीतिक र कूटनीतिक तहमा संवाद गरियो भने जतिसुकै जटिल समस्या पनि समाधान गर्न सकिने रहेछ भन्ने दृष्टान्त बीपीको नीति र कार्यशैलीबाट प्रमाणित भएको छ ।

भौगोलिक रुपमा देशहरू साना-ठूला हुनसक्छन् । तर सार्वभौमिकताका दृष्टिले संसारका सबै स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न देशहरू समान छन् । सार्वभौमसत्ता सम्पन्न देशको सरकार, प्रधानमन्त्री, पार्टीका लागि राष्ट्रहित, राष्ट्रिय स्वार्थ र जनताको सार्वभौमिकता सत्य हुन्, बाँकी मिथ्या हुन् । के बीपीले जस्तै राष्ट्रहितलाई सर्वोच्च प्राथमिकता दिएर अहिलेका सरकार, पार्टी र नेताहरुले पनि स्वतन्त्र र सन्तुलित विदेशनीति अनुसरण गरी नेपालको राष्ट्रिय स्वार्थको संरक्षण गर्न सक्लान ?

*(साभार: अनलाइनखबर)*

# चितवनको कालिकामा खोला फर्काएर बस्ती जोगाउने प्रयास



चितवन/चितवनको कालिका नगरपालिका- ३ की सीता लामाले यसबर्षदेखि घरमा कुखुरा, बाख्रा र बंगुर पाल्न छाडिन् । कारण अरू केही होइन, बर्षेनी बुङ्खोला बढेर आउँदा पाएको हैरानी र सास्ती । बुङ्खोला बढेर आएको बाढीले कम्मर कम्मरसम्म डुवान हुन्छ ।

आफू त जसो तसो सुरक्षित ठाउँमा जाउला ती कुखुरा, बाख्रा र बंगुरलाई लिएर कता जाने ? लामा भन्छिन्, 'त्यही दिन सम्झिएर यसपटक सबै पाल्न छाडिदिएँ । दिनभरि घाम लागेको हुन्छ । राति पानी परेपछि बुङ्खोला बढेर आउँछ, आफैं कता गएर ज्यान जोगाउने पत्तो हुँदैन ।'

सीताको जस्तैं गुनासो छ, स्थानीय गीता श्रेष्ठको पनि । कालिका-३ मा विहे गरेर आएकै बर्ष उनलाई बुङ्खोलाको बाढीले तर्सायो । २२ बर्ष अगाडि जेठ ८ गते उनको विहे भयो । सोही बर्षको जेठ अन्तिममा ठूलो बाढी आउँदा विचल्ली भएको उनलाई अहिले पनि झल्झली सम्झना आउँछ ।

'कस्तो ठाउँमा विहे गरेर आएछु भन्ने सोच आयो' गीता भन्छिन् 'आएको बाढीले २/३ दिनसम्म डुवान गराउँछ । भात पकाएर खानसमेत पाइदैन । बालबच्चा, पशुचौपायाको विचल्ली हुन्छ ।'

कालिका-७ का धन बहादुर परियारले बर्षेनी यही समस्या झेलेर ७२ बर्ष कटाइसकेका छन् । बर्खामा बाढी आउन थालेपछि उनी कसकसको घरमा पानी पस्न लागेको छ भनेर खबर लिंदै हिँड्छन् । बालबच्चा, सुत्केरी महिला र वृद्धवृद्धाहरूलाई डुवानले निकै समस्या परेको धनबहादुर बताउँछन् ।

हिउँदमा पानीको थोपोसमेत नभेटिने बुङ्खोला बर्खामा पानी पार्न थालेपछि उर्लिएर आउँछ । ११ वटा वडा रहेको कालिका नगर पालिकाका वडा नं.७, ३, २, ६ लाई पूर्ण रुपमा र वडा नं. १ र ४ को केही भागलाई आंशिक रुपमा डुवाउँछ ।

बुङ्खोला खहरे खोला हो । यो खोलाको कुनै निकास छैन । नगरपालिकाको वडा नं. ६ तिर पुगेपछि खोला नै हराउँछ र मनपरी ढंगले जता मनलाग्यो उतै पानी बगेर डुवान गराउँछ । बर्खामा यही खोलाको पानी लैजान भनेर कुलो पनि बनेका छन् । केही भागमा सिँचाइ पनि हुन्छ । तर, बर्खामा ठूलो पानी पर्दा सबै अस्तव्यवस्त र जलमग्न बनाइदिन्छ ।

यो समस्याको दीर्घकालीन समाधानका लागि कालिका नगर पालिकाले बुङ्खोलाको 'बन्धाकरण' गर्ने प्रयास अगाडि बढाएको छ । पूर्वतर्फ रहेको बुङ्खोलामा बर्खामा बढेर आउने पानीलाई बस्तीमा जान नदिन नहर बनाएर पश्चिमतर्फ रहेको थाङखोलामा झार्ने प्रयास अगाडि बढेको छ ।

कालिका-३ का निवर्तमान वडाध्यक्ष टीका रिजालको अध्यक्षतामा समिति नै गठन गरेर बुङ्खोलालाई थाङखोलामा झार्ने प्रयास धमाधम अगाडि बढेको छ । सिँचाइ डिभिजन कार्यालयको २५ लाख र नगरपालिकाको ७५ लाख रुपैयाँको लागतमा काम भइरहेको छ ।

बुङ्खोलामा ८४ मिटर लामो बाँध बनाउने र ८ सय मिटर लामो वाइपास नहर बनाएर बर्खाको बाढीलाई थाङखोलामा झार्नका लागि धमाधम काम भइरहेको उपभोक्ता समितिका अध्यक्ष रिजालले बताए । बुङ्खोलाको पानीलाई जोरकरम हुँदै वडा नम्बर-३ स्थित थाङखोलामा झारेर खगेरी खोलामा मिसाउने योजना नगरपालिकाको छ । यो दूरी करीव ६.५ किलोमिटर हुनेछ ।

नहरको तल्लो भागमा ढुंगा भरेर जाली लगाउने काम गरिएको छ । 'बुङ्खोलामा ८४ मिटर लामो क्षेत्रमा ड्याम बनाउन बाँकी छ, ड्याम नबनिकन पानी वाइपास त हुँदैन, त्यसैले ५० मिटर जति भाग ड्याम बनेपछि जोड्ने भनेर अहिले यत्तिकै राखेका छौं, नहरको चौडाई तीन मिटर छ भने गहिराइ ठाउँ अनुसार फरक छ', रिजाल भन्छन्, 'मलाई विश्वास छ, यो बर्खाको पानी बाइपास गरेपछि बाढीबाट बर्षेनी हुने हैरानी सदाका लागि अन्त्य हुनेछ ।'

बुङ्खोलाले जस्तो थाङखोलाले भने डुवान गर्दैन । तर, बुङ्खोलाको पानी मिसाउँदा कटान र डुवान हुन्छ कि भन्ने डर सो क्षेत्रमा पर्ने वडा नं. २,४ र ५ का वासिन्दालाई छ । उनीहरूले नगर पालिकाले गर्न लागेको कामको सुरूमा विरोध पनि गरे तर नगर पालिकाले कटान र डुवान दुबै हुन नदिने गरी काम गर्ने प्रतिवद्धता जनाएपछि तत्कालका लागि चित्त बुझाएका छन् ।

थाङखोला र यसको आसपासका क्षेत्रमा खोलाको चौडाई बढाउने, स्परहरू राख्ने काम पनि भइरहेको कालिका नगरपालिकाका नगर प्रमुख विनोद्द रेग्मी बताउँछन् । 'बुङ्खोलालाई थाङखोलामा मिसाउँदा कतै हाम्रो वडा डुब्छ कि, कटान हुन्छ कि भन्ने जनताको चिन्ता स्वभाविक हो, तर हामी एकातिरको डुवान बचाउन अर्कोतिर डुवान हुने गरी काम गर्दैनौं' नगर प्रमुख रेग्मीले भने, 'सबै जनतालाई बाढी र बर्खाबाट सुरक्षित राख्नु हाम्रो दायित्व हो ।' थाङखोला क्षेत्रमा १३ वटा स्पर बनाएर बस्तीमा हुन सक्ने सम्भावित कटानलाई जोगाउने काम भइरहेको नगर प्रमुख रेग्मीले बताए । यो बर्षको बर्खामा बुङ्खोलालाई थाङखोलामा खसाल्न नसकिए पनि आगामी बर्खाभन्दा अगाडि नै कामले पूर्णता पाउने नगर प्रमुख रेग्मीले बताए ।

८४ मिटर लामो ड्याम, त्यसलाई थाङखोलासम्म जोड्न ५० मिटरको नहर र थाङखोला क्षेत्रमा तटवन्ध तथा स्परहरुको काम यस बर्ष निर्माण गरिसक्ने बताए । कालिका नगर क्षेत्रकै गौरवको आयोजनाका रुपमा सुरु गरिएको थाङखोला-बुङ्खोला व्यवस्थापन आयोजनाका लागि केन्द्र सरकारबाट समेत १ करोड ५० लाख विनियोजन भएको नगर प्रमुख रेग्मी बताउँछन् । उनी भन्छन् 'अब बुङ्खोलाको पाता फर्काउने काम हुन्छ ।'

नगरपालिकाको यो पहलकदमीले ठूलो संख्याको जनसंख्या लाभान्वित हुने वडा नं. २ का वडाध्यक्ष लक्ष्मण पौडेलले बताए ।

बुङ्खोलाको डुवानले वर्षायाममा करिब १५ हजार बासिन्दा प्रभावित हुने अनुमान छ । अहिले चलिरहेको आयोजना कालिका नगर वासीकै प्राथमिकताको एजेण्डा भएको पौडेलको भनाइ छ ।

नगर प्रमुख रेग्मीका अनुसार बाढी र डुवानको समस्या समाधान गर्न पदमपुर स्थानान्तरण आयोगले पनि बुङ्खोलाको पानी थाङखोलामा लैजाने गरी डीपीआर तयार पारेको थियो । तर पछि काम अगाडि बढ्न सकेन । उनले अहिले बनेको नहरबाट बाढीको पानी जाने र आवश्यक पानी सिँचाइका लागि छाडिने बताए ।

कालिका-३ का वडाध्यक्ष वीरेन्द्र तामाङले बुङ्खोलालाई थाङखोलामा मिसाउँदा एकातिर बाढी र डुवानबाट बस्ती जोगिने र अर्कोतिर खगेरीमा जल पर्यटन सम्वन्धी गतिविधि गर्न सकिने बताए । उनले थाङखोला र खगेरी मिसिएको ठाउँबाट पदमपुर जाने पुलमुनिसम्मको भागमा ठूलो ताल बनाउन सके पर्यटकीय गतिविधि बढ्न सक्ने अनुमान गरे । खगेरीको पानीलाई रत्ननगर नगरपालिका छिर्ने टिकौली जंगल छेउबाट बाँध बाँधेर पश्चिम चितवनमा सिँचाइका लागि लैजाने गरिन्छ ।

बुङ्खोलाको बाढी र डुवानलाई एजेण्डा बनाएर दुई पटकसम्म निर्वाचित भएकी शान्ति महतोलाई अहिले नगरपालिकाले गरेको प्रयासले जनता बर्खामा आनन्दसँग निदाउन सक्छन् भन्ने विश्वास पलाएको छ ।

नगर कार्यपालिका सदस्यसमेत रहेकी महतो आफैं पनि बुङ्खोलाबाट बर्षेदेखि पीडित बनेकी थिइन् । उनले विगतका दुःख र हैरानी आगामी बर्षबाट अन्त्य हुने विश्वास लिएकी छन् । शान्तिको जस्तैं विश्वास र आशा जागेको छ ७६ बर्षका धनबहादुर परियारको पनि । उनी दिनमा एकपटक नहर बनेको ठाउँमा पुग्छन् । उनले आफूले दुःख पाए पनि आउने पुस्ताले फेरि बुङ्खोलाबाट पीडित बन्न नपरोस् भन्ने चाहेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# तीनवटा हलमा 'जारी'ले मनायो सय दिन, कमाई १७ करोड ग्रस





काठमाडौं/करिब ५ वर्षपछि नेपाली फिल्मले प्रदर्शनको सय दिने दुर्लभ यात्रा तय गरेको छ । गत बैशाख १ गतेबाट प्रदर्शनमा आएको फिल्म 'जारी'ले ब्लकबस्टर व्यापार गर्दै उपत्यकाभित्रका तीनवटा हलमा सय दिन मनाएको हो । क्यूएफएक्स चेनको सिभिल मल, बिग मुभिज र एफक्यूब हलमा फिल्म सय दिनसम्म टिकेको छ । यसअघि २०७५ सालमा फिल्म 'शत्रु गते'ले सय दिन मनाएको थियो ।

प्रदर्शनको दुई हप्ता बक्स अफिसमा आक्रामक कमाई गरेको 'जारी'ले सय दिनसम्ममा १७ करोड १७ लाख ग्रस कलेक्सन गरेको चलचित्र विकास बोर्डको तथ्यांकनमा देखिन्छ । योसँगै नेपाली फिल्मका दुई ठूला ब्रान्ड 'कबड्डी' र 'छक्का पन्जा' सिरिजपछि उच्च कमाई गर्ने फिल्मको रेकर्ड 'जारी'ले बनाएको छ । यो फिल्मपछि प्रदर्शनमा आएका कुनै नेपाली फिल्म सफल हुन सकेका छैनन् ।

लिम्बु परम्परामाथि आधारित रहेको फिल्मलाई उपेन्द्र सुब्बाले निर्देशन गरेका हुन् । 'वर्ड अफ माउथ' बलियो हुँदा फिल्मले हलमा लामो यात्रा तय गरेको हो । फिल्ममा लिम्बु परम्परामा प्रचलित जारी प्रथालाई मियो बनाएर अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरबीचको प्रेमकथालाई सुन्दर ढंगले देखाइएको छ । कवि समेत रहेका निर्देशक सुब्बाको यो डेब्यू निर्देशित फिल्म हो ।

फिल्ममा रोयदीप श्रेष्ठ, रेखा लिम्बु, प्रेम सुब्बा, विजय बराल, अनिल सुब्बा, पुस्कर गुरुङ, कमलमणि नेपाल, उपसंग्बा नेम्बाङ, सीताकुमारी तुम्बापोलगायतको पनि अभिनय छ । रामबाबु गुरुङ निर्मित फिल्ममा झुमा लिम्बु र गंगा थापाको संगीत, शैलेन्द्र डी कार्कीको छायांकन र निमेष श्रेष्ठको सम्पादन छ । धरान, पोखरा, चितवनका हलमा फिल्म ८० दिनभन्दा बढी समय चलेको थियो ।

# अमिताभलाई सुपरस्टार बनाएको त्यो फिल्म...




एजेन्सी, मुम्बई/कथा लेखनदेखि स्टारकास्टसम्मले फिल्मलाई हिट र फ्लप बनाउन ठूलो भूमिका खेल्छ । कुनै समय बलिउडमा स्टारलाई ध्यानमा राखेर कथा लेखिन्थ्यो । तर, ती स्टारले काम गर्न अस्वीकार गरेपछि निर्देशक/निर्माता अरु कलाकारलाई लिएर फिल्म बनाउन बाध्य हुन्थे । त्यस्ता धेरै फिल्म छन्, जुन पछि सुपरहिट भए । यसको एउटा उदाहरण अमिताभ बच्चन स्टारर फिल्म 'जंजीर' हो ।

यो फिल्मले अमिताभलाई एंग्री योङ म्यानको रुपमा पहिचान दियो भने स्टारडमको नयाँ उचाइँमा पुर्‍यायो । यही फिल्मले उनलाई सुपरस्टार बनाएको हो । फिल्ममा उनी इन्स्पेक्टर विजय खन्नाको भूमिकामा थिए । तर, उनी 'जंजीर'का लागि पहिलो रोजाई भने थिएनन् । यो फिल्म उनको पोल्टामा भाग्यवस् परेको थियो । त्यसबेलाका सुपरस्टार राजकुमारलाई फिल्म अफर गरिएको थियो ।

राजकुमार मुडी स्वभावका थिए । इन्डस्ट्रीमा उनको अभिनय भन्दा बढी एटीट्यूडको चर्चा हुन्थ्यो । उनले 'जंजीर'मा काम गर्न ठाडै अस्वीकार गरिदिए । यसपछि धर्मेन्द्र, देवानन्दसहित कयौं सुपरस्टारलाई निर्माता प्रकाश मेहराले फिल्म अफर गरे तर कसैले काम गर्न स्वीकार गरेनन् । यसपछि फिल्मका लेखकद्वय सलीम-जावेदले उक्त रोलका लागि मेहरलाई अमिताभ बच्चनको नाम सुझाए ।

'जंजीर' ९० लाखमा बनेर १७ करोड कमाई गरेको फिल्म हो । यो फिलमभन्दा अगाडि अमिताभका १२ वटा फिल्म 'ब्याक टू ब्याक' असफल भएका थिए । जसले गर्दा उनीसँग 'जंजीर'मा काम गर्न कुनै अभिनेत्री तयार थिएनन् । पछि जया काम गर्न राजी भइन् । यही फिल्ममा काम गर्ने क्रममा जया र अमिताभ प्रेम डुबेका थिए । र, फिल्म रिलिजको एक महिनापछि लगनगाँठो समेत कसे ।

# सात वर्षपछि नलगाडको डीपीआर तयार

जाजरकोट/नलगाड जलविद्युत् आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) प्रतिवेदन तयार भएको छ । ३१ महिनाभित्र पूरा गर्नुपर्ने उक्त प्रतिवेदन सात वर्षपछि तयार भएको हो ।

वि.सं २०७३ मा ३१ महिना भाका राखेर अष्ट्रेलियन कम्पनी स्मेक, अष्ट्रेलियाको एमडब्लुएच र नेपालको उदय जेभीले विस्तृत अध्ययन, बोलपत्र आह्वानको तयारी तथा डीपीआर बनाउने ठेक्का पाएको थियो । ठेक्का सम्झौता अनुसार २०७६ सालमै डीपीआर तयार गरिसक्नुपर्नेमा सात वर्षपछि मात्र तयार भएको आयोजनाका निर्देशक सुनिल पौडेलले जानकारी दिए ।

परामर्शदाताले दिएको अन्तिम प्रतिवेदन आयोजनाले जाँचका लागि नेपाल इन्जिनियर्स एसोसिएसन (एनइए) लाई उपलब्ध गराउँदा सकारात्मक प्रतिक्रिया दिएपछि डीपीआरको काम पूरा भएको उनले बताए ।

निर्धारित म्यादभित्र काम सम्पन्न नभएपछि पटकपटक म्याद थपेर ताकिता गरेपछि डीपीआर प्रतिवेदन तयार भएको पौडेलको भनाइ छ । वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) लाई पूर्णता दिनका लागि ऊर्जा तथा जलस्रोत मन्त्रालयबाट वन तथा वातावरण मन्त्रालयमा पठाइएको उनले बताए ।

वन मन्त्रालयले सातदिने सूचना निकालेर पालिका तथा स्थानीय स्तरमा रहेका वन समूहसँग राय, सुझाव माग्ने तयारी इरहेको आयोजनाका निर्देशक पौडेलले जानकारी दिए । 'उक्त सुझावलाई एक समिति बनाई निष्कर्ष निकालिने छ । डिपिआर र इआइएको सबै काम अष्ट्रेलियन कम्पनी स्मेक, अष्ट्रेलियाको एमडब्लुएच र नेपालको उदय जेभीले गरिरहेका छन्', उनले भने ।

डीपीआर प्रतिवेदन प्राप्त भएसँगै नलगाड जलविद्युत् आयोजनामा लगानी गर्न जापानी सहयोग नियोग (जाइका) सँग छलफल भएको र उक्त छलफल सकारात्मक भएको पौडेलले बताए । उनका अनुसार लगानीका लागि जाइका तयार भएपछि सम्झौताको तयारी थालिएको हो ।

छिटोभन्दा छिटो सम्झौता गर्ने तयारी भइरहेको भन्दै पौडेलले चार सय १७ मेगावाट क्षमताको उक्त जलविद्युत् आयोजनामा सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार लगानी जुटाउने प्रयास गरिएको बताए । उनका अनुसार सुरुआतदेखि नै आयोजनामा लगानी गर्न जापान सरकारले रुचि देखाएको थियो ।

विभिन्न चरणमा सरकारकोतर्फबाट जापान सरकारसँग लगानीका विषयमा छलफल भइरहेको भन्दै निर्देशक पौडेलले लगानी सुनिश्चित हुनेगरी पहिलो प्राथमिकता जाइकालाई दिइएको जानकारी दिए । 'अहिले ईआईए स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पुगेको छ । ईआईए स्वीकृत हुनेबित्तिकै आयोजना निर्माण प्रक्रियामा लैजाने गरी तयारी थालिएको छ । त्यसका लागि लगानी जुटाउन पहल भइरहेको छ', उनले भने । *(स्रोत: अनलाइनखबर)*

# सय रुपैयाँ भन्दा बढीको सामानमा भन्सार लाग्ने नीति सच्याउन माग

बुटवल/भारतीय बजारमा खरिद गरेको सय रुपैयाँ भन्दा बढीको सामानमा भन्सार लाग्ने नीति सच्याउन माग गर्दै पूर्वमन्त्री सहितको टोलीले अर्थमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्व गृहराज्यमन्त्री देबेन्द्रराज कँडेल सहितको टोलीले सरकारले १ साउनदेखि लागू गरेको उक्त नीति सच्याउन अर्थमन्त्री डा.प्रकाशशरण महतलाई आग्रह गरेको हो ।

१ साउनदेखि भारतीय बजारमा दैनिक उपभोग्य सामग्री र लत्ता कपडा खरिद गर्ने नेपालीले एक सय रुपैयाँ भन्दा बढीको सामानमा भन्सार तिर्नुपर्ने नियम सरकराले लगाएको छ ।

यस्तो भन्सार नीति देशका अन्तर्राष्ट्रिय सीमा तथा एयर पोर्टमा लागू नगरिएको तर भारतीय सीमा जोडिएका मधेश क्षेत्रमा मात्र लागू गरिएको भन्दै ज्ञापन पत्रमा यसले सीमावर्ती क्षेत्रका जनताको जीवनयापनमा कठिनाइ भएको उल्लेख गरिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

**साझाकुरा** राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

**भर्ना खुल्यो ! भर्ना खुल्यो !**

**3 YEARS H.A. LAB TECHNICIAN RADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८०/०८१ को लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**
- उत्कृष्ट एवं अनभवी प्राध्यापकहरूद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त - OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरूलाई प्रोजेक्टरको माध्उमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा

**स्वीकृत सिट संख्या**
Health Assistant - ४० सिट
Lab Technician - ३० सिट
Radiography - ३० सिट
Physiotherapy - ४० सिट

फारम शुल्क रु.१५००/-

- फारम वितरण मिति: २०८०/०३/२९ गते शुक्रवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८०/०४/१२ गते शुक्रवार बेलुका ४:३०

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-४, भैरव रोड, सम्पर्क : ०५७-५२१८५२

# हेटौंडा-मातातीर्थ-कलंकी सडक निर्माणमा ढिलाई

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/हेटौंडा र काठमाडौं जोड्ने सबैभन्दा छोटोमार्ग रहेको इन्द्रसरोबरको महालक्ष्मी खोला- मातातीर्थ-कलंकी सडक निर्माणमा ढिलाई भएको छ ।

वर्षौंदेखि ट्र्याक खोलेर सडक सञ्चालन भएपनि यो मार्ग जोखिमयुक्त थियो । हेटौंडा-काठमाडौं जोड्ने दुईवटा छोटोमार्ग भन्दा इन्द्रसरोबरको महालक्ष्मी खोला-मातातीर्थ-कलंकी सडक खण्ड झनै छोटो रहेको छ । हेटौंडा-काठमाडौं जोड्न छोटोमार्गअन्तर्गत् कुलेखानी-फाखेल-फर्पिङ र कुलेखानी-सिस्नेरी-फर्पिङ सडकखण्ड नियमित सञ्चालनमा आएका थिए । सिस्नेरी भन्दा फाखेल सडकखण्ड अझै छोटो छ । तर, सबैभन्दा छोटो सडकखण्ड भनेको महालक्ष्मी खोला-मातातीर्थ-कलंकी सडक थियो । यो सडकमा सवारीसाधन नियमित सञ्चालन भने भएका थिएनन् ।

साँघुरो सडक र चन्द्रागिरी डाँडामा व्यवस्थित सडक नबन्दा सवारीसाधनहरु नियमित सञ्चालन हुन सकेका थिएनन् । विगतदेखि यो सडकको स्तरीकरणमा सरकार लागिपरेको छ । तर, पनि हेटौंडाबाट भीमफेदी, कुलेखानी, महालक्ष्मी दोभान हुँदै काठमाडौंको सतुंगल-कलंकी जोड्ने सडकको काम निर्माण कम्पनीका कारण ढिलाइ हुँदै आएको छ । बागमती प्रदेश सरकारबाट दुईखण्डमा विभाजन गरी काम हुँदै आएको यो सडकको महालक्ष्मी दोभान-मकैबारी खण्ड प्रदेशको पूर्वाधार विकास कार्यालय चितवनमार्फत् र मकैबारीदेखि मातातीर्थ-सतुंगल खण्ड पूर्वाधार विकास कार्यालय ललितपुरमार्फत् काम भइरहेको हो ।



दुवै खण्डको काममा ढिलाइ भएसँगै लापरबाही भएको भन्दै स्थानीय जनप्रतिनिधि र महालक्ष्मी दोभान-घट्टेखोला-चखेल-देउराली-मातातीर्थ-सतुंगल सडक सरोकार समितिले असन्तुष्टि जनाउँदै आएका छन् । मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-५ का वडाध्यक्ष दुतराज तितुङले दुवै खण्डका सडकको अवस्था र निर्माणमा गर्नुपर्ने सुधारबारे गत असारमा बागमती प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयलाई ध्यानाकर्षण गराइए पनि सुनुवाइ नभएको बताए । दुवै सडकखण्ड निर्माण कम्पनीसँग सम्झौता भएको मितिले १८ महिनामा सम्पन्न गर्नुपर्ने थियो ।

महालक्ष्मी दोभान-चखेल-मकैबारी खण्ड आर्थिक वर्ष २०७७/७८ मा र मकैबारीदेखि मातातीर्थ-सतुंगल खण्ड २०७५/७६ मा ठेक्का सम्झौता भएको हो । महालक्ष्मी दोभान-मकैबारी खण्ड एकपटक र मकैबारीदेखि मातातीर्थ-सतुंगल खण्डको तीनपटक म्याद थप भए पनि निर्माणको काम पूरा भएको छैन । मकवानपुरतर्फको तुलनामा काठमाडौंतर्फको काम ढिलो भएको छ । काठमाडौंतर्फको काम तेस्रो पटक म्याद थपिँदासमेत पूरा नभएपछि पुनः म्याद थपको दौडधुपमा निर्माण कम्पनी लागेको छ । पूर्वाधार विकास कार्यालय चितवनका प्रमुख वीरेन्द्रप्रसाद चौधरीले महालक्ष्मी दोभान-मकैबारी खण्डको एक पटक थपिएको म्याद गत जेठमा सकिएको भन्दै काम अन्तिम चरणमा पुगेको र साउनभित्र काम पूरा गरी कालोपत्र गर्ने योजना रहेकाले पुनः म्याद थप नभएको जानकारी दिए ।

उनकाअनुसार साढे ६ किमि लम्बाइको यो खण्डको तीन स्थानमा ह्युम पाइप हाल्ने र ६० मिटर ढलान गर्ने काम बाँकी छ । कालोपत्रे गर्न बोलपत्र आह्वान भइसकेको बताउँदै सात मिटर चौडा कालोपत्रेसहित ढल निर्माण हुने चौधरीले बताए । चालु आर्थिक वर्षका लागि यो सडक निर्माणमा प्रदेश सरकारले पाँच करोड रुपैयाँ विनियोजन गरेको उनले जानकारी दिए । इन्द्रसरोवर गाउँपालिकाका निवर्तमान अध्यक्षसमेत रहेका समितिका संयोजक जीवन लामाले सडक निर्माणमा छिटो सक्न मन्त्रालयको ध्यानाकर्षण गराइएको जानकारी दिएका छन् ।

# हेटौंडास्थित कीटजन्य रोग अनुसन्धान केन्द्रको बजेट कटौतीले समस्या

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/संघीय सरकारले चालु आर्थिक वर्षको बजेटमा खर्च कटौतीका लागि भन्दै कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र विकास समिति खारेज गऱ्यो ।

कीटाणुको स्वरुप परिवर्तनबारे खोज अनुसन्धान गर्ने दाताको सहयोगमा २०७१ सालमा हेटौंडामा स्थापना भएको कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रका लागि बजेट नै छुट्याएन । कर्मचारी अभाव झेलिरहेको यो केन्द्र काठमाडौंमा सार्ने नियतले यहाँका कर्मचारीले बजेट नै माग नगर्दा अहिले कुन स्रोतबाट तलब खुवाउने ? भन्ने अन्योल छ ।

लामखुट्टेको टोकाइबाट हुने मलेरिया, हात्तीपाइले, कालाजार, डेंगीजस्ता सरुवा रोग नियन्त्रण गर्न २०७१ सालमा कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रको स्थापना भएको थियो । यहाँ कीटाणुको खोज अनुसन्धान गर्न अत्याधुनिक ल्याबसहितका उपकरण छन् । स्वास्थ्य क्षेत्रका जनशक्तिलाई तालिम प्रदान गर्नु केन्द्रको मुख्य काम हो । माइक्रो बायोलोजिस्टसहित ६४ जना दक्ष प्राविधिक स्वीकृत दरबन्दी रहेको यो कार्यालयमा अहिले ९ जना कर्मचारी कार्यरत छन् । कीटजन्य रोगहरुको अनुसन्धान गरी रोग निदानका लागि स्वास्थ्यकर्मीलाई तालिम दिने र सरकारलाई रोग उन्मुलनका लागि आवश्यक सुझाव दिने एउटा मात्रै सरकारी निकायमै जनशक्ति अभाव छ ।

कीटजन्य रोगले जलवायु परिवर्तनसँगै आफ्नो स्वरुप पनि परिवर्तन गरिरहेकाले यससम्बन्धमा थप अनुसन्धानका लागि जनशक्ति आवश्यक रहेको केन्द्रका एन्टोमोलोजिस्ट दीपककुमार साहले जनाए । स्वास्थ्य क्षेत्रका प्राविधिक कर्मचारी काठमाडौं बाहिर बस्न नचाहने भएकाले यो केन्द्र काठमाडौंमा सञ्चालन गराउने नियतले यहाँका कर्मचारीले बजेट नै माग गरेनन् । अहिले मन्त्रालयमा छुट्याइएको विवध खर्चबाट कर्मचारीको तलब भुक्तानी दिने विषयमा छलफल चलिरहेको छ । तर, स्वास्थ्य मन्त्रालयले खर्चको अख्तियारीमा स्पष्ट निर्देशन नदिएको लेखाअधिकृत भीष्मकान्त अधिकारीले जानकारी दिए ।

गतवर्ष डेङ्गीको महामारी फैलँदा यसको नियन्त्रणमा यो केन्द्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । कोरोना महामारीका बेलासमेत दोस्रो पीसीआर प्रयोगशाला यहीँ सञ्चालन भयो । सरकारले खर्च कटौतीको प्रस्ताव गरेका बेला यो कार्यालय सार्ने हो भने व्ययभार बढ्ने निश्चित छ । दरबन्दीअनुसार नै कर्मचारी खटाई बढ्दो महामारी रोक्न यसलाई प्रभावकारी रुपमा सञ्चालन गराउन मन्त्रालयले चासो दिन आवश्यक देखिन्छ ।

## टेम्पोको ठक्करबाट थाहाका श्रेष्ठको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ काठमाडौं महानगरपालिका-३१ शान्तिनगरमा टेम्पोको ठक्करबाट मकवानपुर थाहा नगरपालिका-१ घर भएका ३८ वर्षीय रामभक्त श्रेष्ठको मृत्यु भएको छ ।

प्रहरीका अनुसार शुक्रबार साँझ बा.१ ह ३८८४ नम्बरको टेम्पोको ठक्करबाट श्रेष्ठ घाइते भएका थिए । दुर्घटनामा गम्भीर घाइते भएका उनको सिभिल अस्पताल बानेश्वर हुँदै बिएण्डबी अस्पतालमा थप उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । उनी काठमाडौं शान्तिनगर बस्दै आएका थिए ।

टेम्पोको ठक्करबाट अन्य २ जना पैदलयात्री घाइते भएका छन् । उनीहरुको केएमसी अस्पताल सिनामंगल र सिभिल अस्पताल बानेश्वरमा उपचार भइरहेको प्रहरीले जनाएको छ । टेम्पो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।






# ३ नम्बर वडाद्वारा खेलकुद सामग्री वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/मनहरी गाउँपालिकाको ३ नम्बर वडा कार्यालयले खेलकुद सामग्री सहयोग उपलब्ध गराएको छ ।

वडाभित्र रहेका ७ वटा क्लबलाई खेलकुद गतिविधि निरन्तर सञ्चालनका लागि बल लगायतका सामग्री वितरण गरिएको हो । क्लबलाई फुटबल, जर्सी, जुत्ता लगायतका खेल सामग्री दिइएको हो । सहयोग हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले युवालाई खेलक्षेत्रमा प्रोत्साहन मिल्ने विश्वास व्यक्त गरे । 'खेल क्षेत्रमा गाउँपालिकाका धेरै खेलाडीले अन्तराष्ट्रियस्तरमा नाम कमाएर हाम्रो शीर ठाडो पार्न मद्दत पुऱ्याएका छन् । उनीहरुलाई संधै अघि बढाउन हामी लागि पर्नेछौं', उनले भने । ८ नम्बर वडाका वडाअध्यक्ष नारायण उप्रेतीले युवालाई खेलकुद सामग्री वितरण गरेर ३ नम्बर वडाले सुनौलो काम गरेको भन्दै प्रशंसा गरे ।

युवा वडाअध्यक्षले युवाको हितमा सोचेको कामले सार्थकता पाउने उनको भनाई छ । कार्यक्रमका सभाध्यक्ष एवं ३ नम्बर वडाअध्यक्ष अनन्तप्रकाश अर्यालले सबै खेलाडीलाई खेलक्षेत्रमा उर्जाका साथ मिहिनेत गर्न आग्रह गरे । आफू पनि सानैदेखि खेल क्षेत्रमा अग्रसर भएर पनि बाध्यतात्मक अवस्थाले यस क्षेत्रमै अघि बढ्न नसकेको दु:खेसो अर्यालले सुनाए । कार्यक्रममा एफसी खुमलटारबाट 'ए' डिभिजन लिग खेल्न सफल ३ नम्बर वडाका आशिष मुक्तानलाई प्रशंसापत्र सहित सम्मान गरिएको थियो ।

# सामुदायिक क्याम्पसमा पहिलोपटक 'एचएम'

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ मकवानपुरको पुरानो सामुदायिक शैक्षिक संस्था हेटौंडा क्याम्पसले पहिलो पटक होटल म्यानेजमेन्ट (एचएम) पढाई सुरु गर्ने भएको छ ।

हेटौंडा क्याम्पसले कक्षा ११ देखि होटल म्यानेजमेन्टको पढाई सुरु गर्नेगरी भर्ना आह्वान गरेको छ । निजी क्याम्पसहरुले होटल म्यानेजमेन्टको कक्षा सञ्चालन गरि रहेको भएता पनि सामुदायिक क्याम्पसबाट हेटौंडामा पहिलो पटक आफूहरुले भर्ना सुरु गरिएको हेटौंडा क्याम्पसका क्याम्पसप्रमुख देवचन्द्र मानन्धरले बताए । होटल म्यानेजमेन्ट अध्ययन गर्न चाहने विद्यार्थीको संख्या बढ्दै गएको पाइएपछि आफूहरुले अत्यन्तै सहुलियत शुल्कमा अध्ययन गराउन लागिएको मानन्धरले बताए । यसवर्ष क्याम्पसले ४० जना मात्रै विद्यार्थी भर्ना लिने जनाएको छ ।

एसईईमा १ दशमलव ६ भन्दामाथि जीपीए ल्याउने विद्यार्थीले होटल म्यानेजमेन्ट अध्ययन गर्न पाउनेछन् । होटल म्यानेजमेन्ट अध्यापनको लागि क्याम्पसलाई हेटौंडा-४ नम्बर वडाले प्रयोगात्मक पाटोमा साथ दिने भएको छ । ४ नम्बर वडा कार्यालयमार्फत् अत्याधुनिक होटल म्यानेजमेन्ट ल्याब, किचेन, रेष्टुरेन्ट, बार निर्माणको काम भइरहेको क्याम्पसप्रमुख मानन्धरले जानकारी दिए ।

१२ कक्षा पास गरिसके पछि माथिल्लो कक्षा पढ्न काठमाडौं जानुपर्ने बाध्यता हटाउन आफूहरुले नै स्नातक तहमा होटल म्यानेजमेन्टको पढाई गर्ने सोच पनि बनाएको उनले बताए । हाल क्याम्पसले होटल म्यानेजमेन्ट अध्ययन गर्ने विद्यार्थीलाई मासिक तीन हजार शुल्क निर्धारण गरेको छ भने भर्ना १० हजार र वार्षिक प्रयोगात्मक शुल्क ८ हजार तय गरेको छ । हाल कार्यरत जनशक्तिले नै होटल म्यानेजमेन्ट अध्यापन गराउन सक्ने अवस्था रहेको बताउँदै प्रमुख मानन्धरले ल्याब लगायत प्रयोगात्मक कक्ष निर्माणमा हेटौंडा उपमहानगरले सहयोग गर्ने जानकारी दिए ।

## ५० सदस्यीय विपद् स्वयमसेवक दस्ता गठन

साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/वर्षा लागेसँगै सम्भावित बाढी, पहिरो लगायतका प्राकृतिक विपद्मा खटिन नेकपा एमाले मकवानपुरले स्वयमसेवक दस्ता तयार गरेको छ ।

हेटौंडामा दुई दिनसम्म आयोजना गरिएको विपद व्यवस्थापन तथा प्राथमिक उपचार तालिमको समापनसँगै विपद् स्वयमसेवक दस्ता गठन भएको हो । नेकपा एमाले मकवानपुर विपद् व्यवस्थापन तथा स्वयम् सेवा विभागद्वारा आयोजित तालिमको शनिवार समापन गरिएको हो । विभिन्न कारण उत्पन्न हुनसक्ने विपदबाट आमनागरिकलाई जोगाउन नेकपा एमाले र जनवर्गीय संगठनहरुको भूमिका महत्वपूर्ण हुने जनताको पक्षमा कार्य गर्नको लागि तालिमको आयोजना गरिएको नेकपा एमाले जिल्ला विपद् व्यवस्थापन् तथा स्वयसेवा विभाग मकवानपुरका प्रमुख शिवहरि दाहालले जानकारी दिए ।

प्रमुख दाहालले नेकपा एमालेले जिल्लास्तरमा ५० जना विपद स्वंमसेवक गठन गरी जनताको हितमा परिचालन गरिएको जानकारी दिएका छन् । नेकपाका संस्थापक नेता पुष्पलाल श्रेष्ठको स्मृति दिवसको अवसरमा आयोजना गरिएको तालिम कार्यक्रमको समापन नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर रानाले गरेका थिए ।


## गोदामघर भाडामा चाहियो ?

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८०२५३०३०३**

## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० भदौ १८ गतेबाट विभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋृषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्कः-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२


# मकवानपुरमा मनाइयो बीपी स्मृति दिवस



साझाकुरा संवाददाता

हेटौंडा, ६ साउन/ मकवानपुरमा नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको स्मृति दिवस विविध कार्यक्रम गरी मनाइएको छ ।

नेपाली कांग्रेस मकवानपुरले बीपीको ४२ औं स्मृति दिवसको अवसरमा शनिवार चियापान तथा मकवानपुरबाट कांग्रेसको पार्टी, भातृ तथा शुभेच्छुक संस्थामा मनोनित भएका नेताहरुलाई बधाई ज्ञापन गरिएको छ ।

कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको सभाध्यक्षतामा भएको बीपी स्मृति कार्यक्रममा पार्टी र विभिन्न भातृ एवं शुभेच्छुक संस्थामा मनोनित भएका २३ जना केन्द्रीय सदस्य तथा प्रदेशका पदाधिकारी र सदस्यहरुलाई बधाई ज्ञापन गरिएको थियो । कांग्रेस बागमती प्रदेशका संगठन विभाग प्रमुख माइकल रामचन्द्र अर्याल, जिल्ला सभापति लामा र जिल्ला उपसभापति आनन्द कठायतले बीपीले गरेको संघर्ष र योगदानको बारेमा चर्चा गरेका थिए ।

१९७१ भदौ २४ गते जन्मेका कोइराला २०१५ सालको संसदीय निर्वाचनपछि २०१६ जेठमा नेपालको पहिलो निर्वाचित प्रधानमन्त्री बनेका थिए । नेपालमा प्रजातन्त्रको स्थापनाका लागि कठोर संघर्ष गर्दै २०३३ पुस १६ गते राष्ट्रिय एकता र मेलमिलापको नीति लिएर स्वदेश फर्किएका बीपीको २०३९ साउन ६ गते निधन भएको थियो । चियापान तथा बधाई कार्यक्रममा निको अस्पताल प्रालि, तमु फार्मेसी हेटौंडाद्वारा स्वास्थ्य जाँचसमेत गरिएको कांग्रेस मकवानपुरका सचिव भीमसेन महतले जानकारी दिए ।

यसैगरी, नेपाल विद्यार्थी संघ मकवानपुरले ४१ औं बीपी स्मृति दिवसको अवसरमा वृक्षरोपण कार्यक्रम गरेको छ । मकवानपुर गढी गाउँपालिका वडा नम्बर ४ मा रहेको मनकामना सामुदायिक वन उपभोक्ता समूह परिसरमा वृक्षरोपण गरिएको हो । संघका अध्यक्ष सुवास सापकोटाको सभाध्यक्षता तथा नेपाली कांग्रेस मकवानपुरका नेता आनन्दराम पराजुलीको प्रमुख आतिथ्यतामा वृक्षरोपण गरिएको थियो । कार्यक्रममा पार्टीको जिल्ला सदस्य एंव सूचना तथा सञ्चार विभाग प्रमुख शिवप्रसाद खतिवडा (राजु), नेपाली कांग्रेसका नेता यतिराज सापकोटा, भीम लामा, मीठाराम दाहाल, मनकामना सामुदायिक वन उपभोक्ता समिति अध्यक्ष सर्कलाल लोलगायतको आतिथ्यता थियो ।

कार्यक्रममा नेविसंघ जिल्ला उपाध्यक्षद्वय सुसन रुम्बा र सन्तोष चौलागाईं, नेविसंघ जिल्ला सचिवद्वय सुनिल बोम्जन र आशिष बास्तोला, नेविसंघ जिल्ला सदस्य तथा स्ववियु मकवानपुर बहुमुखी क्याम्पस सचिव वर्षाद घिमिरे, जिल्ला सदस्यद्वय बुद्ध बराम र बुद्धराज सिंतान, नेविसंघ नेता उमेशलाल स्याङ्तान र स्ववियु मकवानपुर बहुमुखी क्याम्पस सदस्य आयुषा तिमल्सिनालगायतको सहभागी रहेको वृक्षरोपण कार्यक्रमका संयोजक एंव नेविसंघ जिल्ला सदस्य सोमलाल घलान (भुवन) ले बताए ।


## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

तपाई र तपाईको बालबालिकाको सपना पूरा हुने एक मात्र ठाउँ हाम्रो हेटौंडामा दक्ष, अनुभवी एवम् ख्याति प्राप्त Selected शिक्षकहरुको समूहद्वारा सञ्चालित शहरको गौरव Bhutandevi Secondary School (Technical School) मा शैक्षिक सत्र २०८०/०८१ का लागि विशेष Scholarship मा Science, Management (English/Nepali Medium), 3 years Diploma in Civil Engineering And Civil Engineering (9-12) मा धमाधम भर्ना र कक्षा सञ्चालन भइरहेको छ। तसर्थ समयमै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस् ।

* हाम्रा विशेषताहरू :

- शैक्षिक सत्र २०७८/०७९ मा Civil Engineering धारतर्फ कक्षा १२ मा नेपाल प्रथम हुन सफल ।
- दक्ष तथा अनुभवी शिक्षकद्वारा अध्यापन गराईने ।
- अत्याधुनिक Computer/Science & Civil Engineering Lab को व्यवस्था भएको ।
- Multimedia को प्रयोग गरी कक्षा सञ्चालन गरिने ।
- उपयुक्त भौतिक पूर्वाधारसहितको प्रविधिमैत्री कक्षाकोठा तथा पर्याप्त खेल मैदान भएको
- विद्यार्थीहरुको नियमित मूल्यांकन, Motivational & Counseling को व्यवस्था ।
- 'सबैको लागि शिक्षा निःशुल्क शिक्षा' को मर्मअनुसार विशेष Scholarship को व्यवस्था गरिएको ।
- समय समयमा विषयगतरुपमा क्षेत्रगत भ्रमण एवम् शैक्षिक अध्ययन अवलोकन भ्रमणसमेत गर्ने गरेको ।

| | |
|---|---|
| GPA-3.6 to 4 | Full Scholarship. |
| GPA-3.2 to 3.6 | Admission free plus 50% discount in monthly fee. |
| GPA-2.4 to 3.2 | 50% Discount in monthly fee. |
| GPA-1.6 to 2.4 | 25% Discount in monthly fee. |

**Bhutandevi Secondary School** (Technical School)

**सम्पर्कका लागि** : ०५७-५२०४२०, ९८६२१४५७५६, ९८४५६१८१७१, ९८४१८८२४१३, ९८५५०४१०६१, ९८४५२८६ ८३०, ९८५५०७१६०७

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत



- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना